बेलबारी नगरपालिका

१ नं. प्रदेश, मोरङ

# बेलबारी नगरपालिकाको राजपत्र

बेलबारी नगरपालिकाबाट प्रकाशित

खण्डः१ संख्याः१ सम्वत् २०७५ असार ३२ (अतिरिक्ताङ्क "ङ")

## भाग १

नेपालको संविधानको धारा २२६ बमोजिम तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ बमोजिम नगरसभाले बनाएको यो ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

*सम्वत् २०७५ सालको ऐन नं. ६*

# बेलबारी नगरपालिकाको विनियोजन ऐन, २०७४ लाई संशोधन गर्न बनेको विनियोजन ऐन, २०७५

*प्रमाणिकरण मितिः२०७५।०३।३१*

**प्रस्तावनाः**

बेलबारी नगरपालिकाको आर्थिक बर्ष २०७४/०७५ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही संशोधित रकम खर्च गर्ने अधिकार दिन र सो संशोधित रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम बेलबारी नगरसभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम " बेलबारी नगरपालिकाको विनियोजन ऐन, २०७४ लाई संशोधन गर्न बनेको विनियोजन ऐन २०७५" रहेको छ।

(२) यो ऐन नगर सभाको अधिवेशनबाट स्वीकृत भएपछि तुरुन्त प्रारम्भ हुनेछ।

**२. आर्थिक वर्ष २०७४/०७५ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

मुल ऐनको दफा ३ को उपदफा (१) को सट्टा

(१) आर्थिक वर्ष २०७४/०७५ को निमित्त बेलबारी नगरपालिका, नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ६६,२४,८८,०३५।३३ (अक्षेरुपी छैसठी करोड चौवीस लाख अठासी हजार पैतीस रुपैया तेत्तीस पैसा मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

मुल ऐनको दफा ३ को उपदफा (१) सँग सम्बन्धित अनुसुची १ को सट्टा

अनुसूची - १

(दफा २ सँग सम्वन्धित)

नेपालको संविधानको धारा २२९ (२) वमोजिम

**सञ्चितकोषबाट विनियोजन हुने रकम**

| **क्र.सं.** | **अनुदान** | **शीर्षकको नाम** | **चालु खर्च** | **पूँजीगतखर्च** | **वित्तीयव्यवस्था** | **जम्मा** |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | वित्तीय समानीकरण | ८,६६,५२,५६८.०० | | ०.०० | |
| २ | | आन्तरिक श्रोत | ३,६३,२२,७६९.०० | | ०.०० | |
| ३ | | सर्शत अनुदान | २९,२१,१७,२९३.६१ | | ०.०० | |
| ४ | | वित्तीय समानीकरण | | १९,८४,५५,४३२.०० | ०.०० | |
| ५ | | आन्तरिक श्रोत | | १,४०,४८,८५४.९९ | ०.०० | |
| ६ | | सर्शत अनुदान | | ३,४८,९१,११७.७३ | ०.०० | |
| **जम्मा** | | | **४१,५०,९२,६३०.६१** | **२४,७३,९५,४०४.७२** | ०.०० | **६६,२४,८८,०३५.३३** |

आज्ञाले

गणेश प्रसाद दाहाल

प्रमुख प्रशासकीय अधिकृत